नि.प्र.का. सप्तरी द.नं. १९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४४ २०८३ साल बैशाख २२ गते मंगलबार (5 May 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : माइतीघर मण्डलामा दीपा: ... ३ पृष्ठमा : प्रहरीको सरुवा बढुवालाई निष्पक्ष ... ३ पृष्ठमा : एसिया-प्रशान्तमा ऊर्जा र ...

## चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारी स्वतः पदमुक्त

काठमाडौँ, २१ वैशाख (रासस)।

विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरू स्वतः पदमुक्त भएका छन्। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गर्नुभएको 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३' को दफा २ को (१) मा उक्त व्यवस्था गरिएको छ।

उक्त दफामा सार्वजनिक पदाधिकारीहरूको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरू कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ। उक्त अध्यादेश कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो।

सो अध्यादेशको दफा २ को उपदफा (२) मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ। दफा १ को (२) बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ।

प्रचलित कानुनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायलाई नयाँ गति दिने उद्देश्यले यो कदम चालेको हो। सो अध्यादेश जारी भएसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त भएका छन्।

## ज्यान मार्ने उद्योग कसुरमा फरार एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख।**

प्रहरीले ज्यान मार्ने उद्योग कसुर मुद्दामा फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. ९ प्रमाणपुर बस्ने ४० बर्षीय काशिन्द्र साह रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको टोलीले नियन्त्रणमा लिएको हो।

साहलाई उनकै खेतबाट पक्राय गरी इलाका प्रहरी कार्यालय कडरबोनामा राखेर अन्य अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, राजविराजले जनाएको छ।

## सिरहामा ६० हजार बालबालिकाको पोषण अवस्था मूल्याङ्कन गरिने

सिरहा, २१ वैशाख (रासस)।

जिल्लामा मातृ तथा शिशु स्वास्थ्यलाई सुदृढ बनाउने लक्ष्यका साथ 'सुनौलो हजार दिनका आमाहरूसँग पाँच वर्षमुनिका बालबालिकाको समुदायस्तरमा पोषण लेखाजोखा कार्यक्रम' सुरु भएको छ। आइतबार लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले एक विशेष कार्यक्रमका बीच यस अभियानको औपचारिक उद्घाटन गर्नुभयो।

स्वास्थ्य मन्त्रालयको परिवार कल्याण महाशाखाअन्तर्गत पोषण शाखाको नेतृत्वमा वैशाख १५ देखि ३० गतेसम्म देशव्यापी रूपमा यो अभियान सञ्चालन भइरहेको छ। कार्यक्रमको मुख्य उद्देश्य ६ देखि ५९ महिनासम्मका बालबालिकामा

*बाँकी अन्तिम पृष्ठमा*

## अधिकारकर्मी सिंहको घरमा पुनः चोरी

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख।**

राजविराज वडा नं. ९ स्थित अधिकारकर्मी जंगबहादुर सिंहको घरमा पुनः चोरी भएको छ।

राजविराज नगरपालिका ९ शान्तिनगरस्थित सिंहको घरमा बैशाख १९ गते राति चोरी भएको हो। योसँगै उनको घरमा तेश्रो पटक चोरी भएको हो।

सिंह सुत्ने कोठामा रहेको ल्यापटपको चार्जर, रेडमी मोवाइलसहितका सामान चोरी भएको छ। अन्दाजी रु ५५ हजार मूल्य बराबरको उक्त सामान चोरी भएको हो।

चोरहरुको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय राजविराजले जनाएको छ।

## महिलाको मंगलसूत्र लुटिए

**दैनिक समाचारदाता**
**राजविराज, २१ बैशाख।**

राजविराज हटियामा किनमेल गर्न आएकी एक महिलाको मंगलसूत्र लुटिएको छ।

राजविराज नगरपालिका ७ स्थित हटियामा तरकारी किन्ने क्रममा ती महिलाको मंगलसूत्र लुटिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार राजविराज नगरपालिका २ बस्ने सुकेत देवकी पत्नी ३० बर्षीया नेहादेवीको मंगलसूत्र लुटिएको हो। १० आना सुनको मंगल सुत्र पछाडिबाट आएका व्यक्तिले लुटेर लगेका हुन्।

लुटेराको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, राजविराजले जनाएको छ।

**व्यवसायिक खेतिमा विषादीको कम प्रयोग**

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली।
सजग किसान, सहि पहिचान, प्राकृतिक-अर्ग्यानिक खेती नै महान।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

माटो राम्रो, बाली राम्रो, विषादी कम, सुरक्षित स्वास्थ्य
हाम्रो सन्तुलित प्राकृतिक खेती गरौं, सुरक्षित भविष्यबनाऔं।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग।
प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं, हरियाली बढाऔं।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

विषादी धेरै, रोग धेरै, तसर्थ सचेत बनौं।
सजग बनौं, खेती सुधारौं, सुरक्षित खाना उत्पादन गरौं।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

# माइतीघर मण्डलामा दीपा: सरकार, कोठा खाली छ ?

**टिकाराम सुनार**

काठमाडौं, २१ वैशाख (रासस)।

काठमाडौंको मुटुमा छ माइतीघर मण्डला–जहाँ कहिले विद्रोह, कहिले पीडा त कहिले आशाका आवाजहरू पोखिन्छन्। त्यसको केही कदम पर उभिएको छ सिंहदरबार–सत्ता, शक्ति र प्रशासनिक केन्द्र। त्यही केन्द्रभित्रै छ अचेल संसद्। नजिकै छ सर्वोच्च अदालत। राज्यका यी तीनै अङ्गले प्रत्यक्ष सुन्ने र देख्ने विश्वास भएरै होला, माइतीघर मण्डलामा दिनहुँजसो कुनै न कुनै नागरिक र नागरिक समूह आन्दोलनमा हुन्छन्। यो उहिल्यैदेखि नागरिक आवाज मुखरित गर्ने 'साझा थलो' बनिरहेको छ। यहाँ बोलिने कतिपय आवाजले सत्ता, शक्ति र राजनीतिक सामर्थ्य बदल्न बाध्य पार्छन्। त्यसको पछिल्लो उदाहरण हो–गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन।

यही स्थानमा विगत १३ दिनदेखि एउटा फरक आन्दोलन भइरहेको छ। त्यो आन्दोलनमार्फत केही युवाले प्रश्न गरिरहेका छन्–सरकार, कोठा खाली छ ? यो प्रश्न गर्ने आन्दोलनको अगुवाइ गरिरहनुभएको छ, कैलालीको घोडाघोडी नगरपालिका–४ की दीपा नेपालीले। देशको राजधानी, अवसर र समानताको प्रतीक बन्नुपर्ने यसको त्यही थलोमा सामान्य लाग्ने यही प्रश्नको उत्तर उहाँले १३ दिनसम्म पनि भेटाउनुभएको छैन।

दीपासँगै ती हजारौं अदृश्य अनुहारहरू उभिएका छन्, जो काठमाडौंका गल्लीहरूमा कोठा खोज्दा कि आफ्नो 'थर' लुकाउन बाध्य छन्, कि त थरकै कारण विभेद भोग्न। तिनै विभेदमा परेकाहरूसहितको पीडा पोख्न आफू यहाँ उभिएको उहाँको भनाइ छ। "यो आन्दोलन 'जात' सोधेर कोठा भाडामा दिने वा नदिने मानसिकताको प्रतिरोधका लागि हो। यो प्रश्न कोठा खोज्दा 'थर' का कारण हिंसामा पर्ने दलितहरूको मात्रै होइन, भूगोल, अनुहारको रङ्ग र भाषाका कारण विभेद भोग्ने मधेसी र लैङ्गिक पहिचानकै कारण कोठा नपाउने फरक पहिचान भएका (एलजिबिटीक्युआई प्लस) व्यक्तिहरूको पनि हो", दीपाले भन्नुभयो।

उहाँको बुझाइमा यो प्रश्न मानव अस्तित्व, सम्मान, समानताका लागि पनि हो। "यो सहरमा कोठा त छ, तर 'तपाईंका लागि होइन' भन्ने विभेदको ठूलो पर्खाल छ। त्यसैले यो आन्दोलन कोठा पाउनका लागि मात्रै होइन, हाम्रो अस्तित्व स्वीकारोक्तिका लागि हो", दीपा भन्नुहुन्छ।

उहाँको स्वरमा रोषभन्दा बढी पीडा छ–त्यस्तो पीडा, जसले जातकै कारण नौ वर्षसम्म काठमाडौंका गल्ली–गल्ली धाउन बाध्य बनायो। यस अवधिमा कुनै घरबेटीले थर सोधेर कोठा दिएनन्। कुनैले नसोधी दिए, तर पछि थाहा पाएपछि निकालिदिए। कुनैले बैना फिर्ता गरिदिए, कसैले बसिसकेपछि विभिन्न बहानामा कोठा छोड्न बाध्य पारे। त्यसविरुद्ध दीपाले कैयौं दिन प्रहरी चौकी धाउनुपर्‍यो। कैयौं दिन अदालतका ढोका। त्यसबाट आत्मसम्मान र न्यायको अनुभूति नभएपछि आफूले व्यक्तिसँग नभई अब राज्यसँगै जवाफ खोज्ने निधो गरेर माइतीघरमा उभिनुपरेको उहाँको कथन छ।

"यो प्रश्न सुन्दा सामान्य लाग्न सक्छ। राजधानीमा कोठा नपाउने समस्या नयाँ पनि होइन। म मात्रै होइन, राज्य सञ्चालनको तहमा पुगेका सांसद, उच्च ओहदाका व्यक्तिले पनि त्यो पीडा भोगेका छन्", दीपा भन्नुहुन्छ, "त्यसैले यो प्रश्न मेरो मात्रै होइन र यो प्रश्नमा केवल आवास समस्या मात्रै जोडिएको छैन, यससँग मानिसलाई उसको नाम र थरले मूल्याङ्कन गर्ने र सोचविरुद्धको आवाज जोडिएको छ।"

माइतीघर–जहाँबाट बोलेका आवाजहरू कहिलेकाहीँ सत्ताको ढोका ढक्ढक्याउँछन्। कहिले शासन बदल्छन्, कहिले नीति। कहिले समाजको अनुहार देखाउँछन्। त्यस्तै अनुहार देखाउन यसपटक आफू यहाँ उभिएको दीपाले बताउनुभयो। उहाँको हातमा कुनै जटिल मागपत्र छैन। कुनै राजनीतिक नारा पनि छैन। छ त एक सरल प्रश्न, जसले असजिलो सत्य उजागर गर्छ–कोठा खाली छ, तर तपाईंका लागि होइन।

यसपटक दीपाको सङ्घर्ष त्यहीबाट सुरु भएको छ, जहाँ अधिकांश सङ्घर्षका कथाहरू अन्त्य हुन्छन्। "मैले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेँ, कानुन पनि पढेँ, तर शिक्षा र योग्यताभन्दा अघि मेरो पहिचान उभियो। त्यो पहिचान धेरैका लागि अपाच्य भयो", उहाँले पीडा सुनाउनुभयो, "तर, म समस्याबाट भाग्दिन। हिजो न्यायका लागि जहाँ समस्या आयो त्यही सङ्घर्ष गरे। कतिपय व्यक्तिसँग लडे तर त्यसरी नसकिने रहेछ। यो सोचको उपज हिजोको राज्य संरचना हो, त्यसैले म आजको राज्य संरचनालाई प्रश्न गर्न यहाँ उभिएकी छु।"

राजधानी काठमाडौं–जहाँ अवसर छन्, सपना छन्। आलिशान महल छन्। धेरैको जीविका तिनै महलको भाडा रकमबाट चलिरहेको छ, तर विडम्बना यी महलमा आर्थिक अवस्थाले हेरेर होइन, जात सोधेर कोठा दिइन्छ। "हाकाहाकी यहाँ कोठा खाली छ, तर तपाईंका लागि होइन भनिन्छ। अनि कहाँ कहाँ गएर गुनासो गर्ने ?", दीपा भन्नुहुन्छ।

यसैकारण आफूले व्यक्तिभन्दा पनि राज्यसँगै समस्या समाधानको अपेक्षासहित माइतीघरमा आन्दोलन रोजेको र एक्लै सुरु भएको आन्दोलनमा विस्तारै अरूको ऐक्यबद्धता थपिँदै गएको उहाँले सुनाउनुभयो। "सुरुमा एक्लै यहाँ उभिने निधो गरेँ, त्यसमा नजिकका साथीहरूले साथ दिए। पछिल्ला दिनमा सांसद, अधिकारकर्मी, कानुन व्यवसायी, विद्यार्थी र विभिन्न क्षेत्रका व्यक्तिले ऐक्यबद्धता जनाइरहेका छन्", दीपाले भन्नुभयो,"अब सरकारले हाम्रो आवाज सुन्नुपर्छ। वर्तमान सरकारले त आफ्नो एकसय बुँदे कार्यसूचीमै दलित समुदायमाथि भएको विभेदबारे क्षमायाचना गर्ने भनेको छ।"

नेपाल सरकार, मन्त्रिपरिषद्को गत चैत १३ गतेको बैठकबाट स्वीकृत एकसय बुँदे शासकीय सुधारका सूचीको ५ नम्बर बुँदामा भनिएको छ, "दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएको अन्याय, विभेद र अवसर वञ्चनाको स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने।"

सोही आधारमा सत्ताको नेतृत्वकर्ता दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले चैत १९ मा बसेको प्रतिनिधिसभा बैठकमा दलित समुदायमाथि राज्यले गरेको विभेदप्रति 'रोष्ट्रम'बाट माफी माग्नुभएको थियो। दीपा भन्नुहुन्छ, "संविधानका धारा, कानुनका शब्द र संसद्का भाषणहरू कागजमा सीमित छन्। छुवाछूतलाई अपराध मान्ने ऐन छ, दलित अधिकार सुनिश्चित गर्ने संविधान छ–तर व्यवहारमा, एउटा कोठाको ढोका पनि खुल्न सकेको छैन। त्यसैले अब सरकारले माफी मागेर मात्रै हुँदैन, व्यवहार बदल्नका लागि ठोस पहलकदमी लिनुपर्छ।"

**दीपाको भोगाइ- जातको तगारो !**

माइतीघरको चोकमा आउनुअघि उहाँले धेरै बाटो हिँड्नुभएको छ। काठमाडौंका धेरै गल्ली, प्रहरी चौकी र अदालतको बाटो। "नौ वर्षअघि सुन्दर भविष्यको सपना बोकेर कैलालीबाट यहाँ आएँ", उहाँ सम्झनुहुन्छ, "तर, सुरुदेखि नै जात तगारो बन्यो। कोठा खोज्दा धेरै ठाउँमा 'थर' कै कारण विभेद भोग्नुपर्‍यो।"

काठमाडौं आउँदा दीपालाई लागेको थियो–सहर फरक हुन्छ। यहाँ गाउँको जस्तो विभेद हुँदैन। यहाँ समान अवसर हुन्छन्, क्षमताअनुसार तिनलाई पछ्याउन सकिन्छ तर त्यो विश्वास धेरै टिकेन। यहाँ आएको केही समयमै पाठ सिक्नुभयो–यो सहर पनि जातविहीन छैन। "सभ्य र शिक्षित भनिएको समाजमा पनि विभेदका पर्खाल रहेछन्, त्यसैले यहाँ पलपलमा अपमानित हुनुपर्‍यो", उहाँ भन्नुहुन्छ।

दीपाले सुनाएअनुसार उहाँले नौ वर्षमा नौभन्दा बढी कोठा खोज्नुपर्‍यो। हरेक कोठामा एउटा अनुभव र अपमान भोग्नुपर्‍यो। "कतिले थर सोधेरै कोठा दिएनन्। कतिले थाहा पाएपछि निकालिदिए। शिक्षित भनिएको यो समाजले मेरो पहिचानलाई स्वीकारेन्", दीपाले भन्नुभयो।

उहाँले घर छोड्दा उच्च शिक्षा पढ्ने र सरकारी जागिरे बनेर देशको सेवा गर्ने सपना बोक्नुभएको थियो। यहाँ आएपछि त्यो सपनाको भारी बिसाउन पाइएकै छैन। सुरुमा कक्षा कोठाका अतिरिक्त बस्ने कोठा खोज्न गल्लीगल्ली धाउनुपर्‍यो। पछि प्रहरी प्रशासन र अड्डा अदालत। "जुन सपना बोकेर यहाँ आएकी थिए, ती अधुरै छन्। साथीहरू पढ्थे, म कोठा खोज्थेँ। साथीहरू लोक सेवा तयारी कक्षा जान्थे, म चाहिँ मान्छे बन्न पाउँ भनेर प्रमाण देखाउन प्रहरी र अदालत धाउँथे", उहाँ भन्नुहुन्छ, "तर, काठमाडौंले अर्को यथार्थ देखायो, यहाँ सपनाभन्दा पहिचान ठूलो हुँदोरहेछ। काठमाडौंले त मेरो थरलाई वैरी ठान्यो ! मैले तुलना होइन, यो एउटा अन्तर भनिरहेकी छु–अवसर र अवरोधबीचको अन्तर।"

अन्याय भोग्नुभन्दा बढी उहाँलाई न्याय खोज्दा असजिलो भयो। न्यायका लागि आवाज उठाउँदा थप प्रताडित हुनुपर्ने अवस्था बन्ने गरेको दीपाको भोगाइ छ। "विभेदविरुद्ध बोल्न थालेपछि मिडियामा आए, तर यसले न्यायभन्दा बढी समस्या बढायो। धेरैले चिन्न थाले, विद्रोही केटी भनेर कोठा पाउन झन् कठिन भयो। न सरकारका निकायबाट न्यायको अनुभूति भयो, न त समाजबाट।"

उहाँको छवि जातीय विभेदविरुद्ध 'पोष्टर गर्ल' का रूपमा स्थापित हुँदै गयो तर समस्या सकिएन। बरु समस्यामाथि समस्या थपिँदै गयो। अपरिचित हुने बेलाभन्दा परिचित भएपछि थप 'ढोका' बन्द हुँदैछन्। "अब त काठमाडौंबाटै पलायन हुनुपर्ने अवस्था आउँदैछ। जब आधारभूत आवश्यकतामा नै जातले रोक्छ, भविष्यको बाटो कसरी सहज हुन्छ ? त्यसैले व्यक्तिगत सपना छोडेर आत्मसम्मान खोज्ने सङ्घर्षमा छु। हेरौं के के आइपर्छ", उहाँले खिन्नता प्रकट गर्नुभयो।

पछिल्ला दिनमा सरकारका निर्णय र स्थानीय तहका कतिपय नीतिले विभेदको जोखिम थप बढेको दीपाले बताउनुभयो। "कोठामा बस्दा अनिवार्य नागरिकता वा पहिचान खुल्ने कागज माग्न थालिएको छ। नियम बदलिएको छ तर विभेद गर्ने सोच बदलिएको छैन। यसले थप समस्या भयो", दीपाले भन्नुभयो, "सरकारको सोच सही नै होला, तर कतिपयले त्यसलाई विभेद गर्ने हतियार बनाउन थालेका छन्। यस्तो बेला राज्यले सहजीकरण गर्नुपर्छ।"

उहाँले कोठा बहालमा हुने सबै प्रकारका विभेदको अन्त्य, छुवाछुतविरुद्ध शून्य सहनशीलता, विभेदरहित आवास अधिकारको सुनिश्चितता, कडा कानुनी सजाय र प्रभावकारी कार्यान्वयन, भाडासम्बन्धी कानुन निर्माण गरी यसका नाममा हुने दलाली नियन्त्रण, समावेशी र न्यायपूर्ण सहर निर्माणलगायत विषयमा सरकारबाट निर्णायक हस्तक्षेप चाहेको बताउनुभयो। "त्यो हस्तक्षेप नभएसम्म सरकारसँग प्रश्न गरिरहने छु, सरकार कोठा खाली छ ? यो प्रश्नमा कोठा मात्रै छैन, एउटा सहरको चरित्र, राज्यको जिम्मेवारी र नागरिकको अधिकार छ भनेर बुझिदिनुपर्छ", दीपाले भन्नुभयो, "पछिल्ला दिनमा मसँगै माइतीघरमा आएर दलित, गैरदलितलगायत अधिकारकर्मी, सांसद, जिम्मेवार निकायका प्रतिनिधिहरूले ऐक्यबद्धता जनाइरहनुभएको छ। अब सरकारले पनि ठोस नीतिसहित ऐक्यबद्धता जनाउन आउनुपर्छ।"


डा. भगवती यादव

Dr. Bhagwati Yadav

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# सुशासन कायम गर्दै संविधान संशोधन गर्न विज्ञको सुझाव

काठमाडौं, २१ वैशाख (रासस)।

भ्रष्टाचार नियन्त्रण एवं सुशासन कायम गर्दै र सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्नेगरी संविधान संशोधन गरिनुपर्नेमा जोड दिइएको छ।

संविधान निगरानी समूह र नेपाल कानुन समाजद्वारा आइतबार यहाँ आयोजित संविधान संशोधनका विषयहरू विषयक संवाद कार्यक्रमका वक्ताले सुशासन र सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याकै कारण गत भदौमा विद्रोह भएकाले त्यसलाई सम्बोधन गर्नेगरी संशोधनका विषय अघि बढाइनुपर्ने बताए।

कार्यक्रममा प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बाँस्कोटाले देशमा सुशासन कायम हुनेगरी संविधान संशोधनको गृहकार्य भइरहेको बताउनुभयो। देशलाई फेरि प्रयोगको माध्यम नबनाउने गरी संविधान संशोधनका लागि सबैले सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो।

नेपाली कांग्रेसका उपसभापति पुष्पा भुसालले संविधान संशोधनको कार्यदल बनाएर सरकारले के गर्न खोजेको हो भन्ने प्रष्ट नभएपछि पार्टीले प्रतिनिधि नपठाएको बताउनुभयो। संविधान पुनर्लेखन गर्न खोजेको हो वा संशोधन यो प्रष्ट हुनुपर्ने उहाँको भनाइ थियो।

प्रधानमन्त्री वालेन्द्र शाहले गठन गर्नुभएको संविधान संशोधन कार्यदलको सदस्यसमेत रहनुभएका सांसद मोहनलाल आचार्यले संविधान संशोधनको विधेयक उठान हुनुअघि कार्यदलले छलफल गरेर विधेयक मस्यौदा गर्नेगरी तयारी भइरहेको बताउनुभयोस्।

पूर्वकानुनमन्त्रीसमेत रहनुभएका नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता अग्नि खरेलले सुविचारित तरिकाले संविधान संशोधनलाई अघि

बाँकी तीन पृष्ठमा

# प्रहरीको सरुवा बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउन गृहसचिव श्रेष्ठको निर्देशन

काठमाडौं, २१ वैशाख (रासस)।
गृहसचिव राजकुमार श्रेष्ठले सङ्गठनभित्र पेसागत दक्षता, क्षमतालाई अभिवृद्धि गर्दै सरुवा, बढुवालाई निष्पक्ष र अनुमानयोग्य बनाउनका लागि अग्रसर रहन निर्देशन दिनुभएको छ।

मन्त्रिपरिषद्को यही वैशाख १४ गतेको निर्णयले सशस्त्र प्रहरी महानिरीक्षक पदमा पदोन्नति हुनुभएका नारायणदत्त पौडेललाई सोमबार मन्त्रालयमा आयोजित समारोहमा सशस्त्र प्रहरी महानिरीक्षकको दर्ज्यानी चिह्नबाट सु-शोभित गर्नुहुँदै उहाँले सो कुरा बताउनुभएको हो।

गृहसचिव श्रेष्ठले सङ्गठन सरुवा प्रणाली र वृत्तिविकास दुवैलाई प्रभावकारी रूपमा व्यवस्थित गरिएमा असन्तुष्टि र गुनासो कम हुने विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले सशस्त्र प्रहरी बल नेपालले कार्यक्षेत्रमा सीमित स्रोतसाधनको बाबजुद उत्कृष्ट नतिजा आउने गरी कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गर्नुभयो। गृहसचिव श्रेष्ठले आगामी मनसुनजन्य विपद्मा समेत सशस्त्र प्रहरी बल नेपाल पूर्वतयारीका साथ उद्धार, व्यवस्थापन तथा राहत कार्यमा जुट्न निर्देशन दिनुभयो।

त्यस अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले संविधान, कानुन, राष्ट्रिय हित, सङ्गठनको मर्यादा र जनअपेक्षालाई केन्द्रमा राख्दै इमान्दारिता, निष्ठा, निष्पक्षता र दृढ सङ्कल्पका साथ जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले आफ्नो कार्यकालमा सीमा सुरक्षालाई सबलीकरण गर्दै सङ्गठनको नीतिगत, संस्थागत र संरचनागत सुदृढीकरण गर्न रणनीतिक कार्ययोजना तयार गरेको उल्लेख गर्नुभयो। उहाँले सो कार्यान्वयनका लागि नेपाल सरकार तथा गृहमन्त्रालयबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले नेपाल सरकारले जारी गरेको १०० बुँदे शासकीय सुधार योजना अनुसारको कार्यहरूको योजना तयार गरी सङ्गठनले प्रदान गर्ने सेवा प्रवाहलाई समयसापेक्ष र जनउत्तरदायी बनाउनेतर्फ प्रभावकारी कदम चालिने बताउनुभयो।

समारोहमा प्रहरी महानिरीक्षक, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरू, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षकहरू, गृह मन्त्रालयका सहसचिवलगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरूको उपस्थिति थियो।

**नवनियुक्त महानिरीक्षक पौडेलको परिचय**

सशस्त्र प्रहरी बल नेपालका नवनियुक्त महानिरीक्षक पौडेलले २०५४ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट सेवा सुरु गर्नुभएको थियो। उहाँ सशस्त्र प्रहरी बलमा २०५८ सालमा स्थान्तरण हुनुभएको थियो।

सुर्खेतको साबिक जर्बुटा गाविस वडा नं ५ निवासी पौडेलले स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ। उहाँले नेपाल प्रहरीबाट करियर प्रारम्भ गरी सशस्त्र प्रहरी बल नेपालमा स्थान्तरणपश्चात् विभिन्न महत्वपूर्ण जिम्मेवारीहरू सम्हाल्दै उत्कृष्ट नेतृत्व प्रदर्शन गर्नुभएको छ।

नेपाल प्रहरीमा रहँदा उहाँले रोल्पा 'स्ट्राइकिङ' टोली कमान्डरका रूपमा तत्कालीन संवेदनशील सुरक्षा अवस्थामा प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्नुभएको थियो। साथै उहाँले इलाका प्रहरी कार्यालय बिर्तामोड, झापाको प्रमुख भई शान्ति सुव्यवस्थालगायत सेवा प्रवाहमा प्रभावकारी कार्यसम्पादन गर्नुभएको थियो।

त्यस्तै, सशस्त्र प्रहरी बलमा स्थानान्तरणपछि महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी नायब उपरीक्षक रहँदा सुरक्षा बेस तुल्सीपुर दाङमा प्रमुख रही शान्ति सुव्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। उहाँले सशस्त्र प्रहरी उपरीक्षक दर्जामा सीमा सुरक्षा कार्यालय बर्दिया, नीलबाराही गण र बङ्गलामुखी विशेष कार्यदल गणको गणपति भई नेतृत्व प्रदान गर्नुभएको थियो।

पौडेलले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा पूर्वक्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह वाहिनी पकली र सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ वाहिनीमा सहायक वाहिनीपतिका रूपमा उत्कृष्ट समन्वय र सहकार्य गरी उच्च व्यावसायिकता प्रदर्शन गर्नुभएको थियो।

सशस्त्र प्रहरी नायब निरीक्षक रहँदा वाहिनीपतिका रूपमा लुम्बिनी तथा गण्डकी प्रदेशस्थित वाहिनी मुख्यालयहरूमा नेतृत्व प्रदान गर्नुभएका उहाँले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुँदा मानवस्रोत, सीमा तथा कार्य विभागका विभागीय प्रमुखका रूपमा रणनीतिक तथा नीतिगत निर्माण र कार्यान्वयनमा अहम् भूमिका निर्वाह गर्नुभएको थियो। उहाँले अन्तरराष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना मिसनअन्तर्गत लाइबेरिया र कोसोभोमा करिब २५ महिना सफलतापूर्वक सेवा प्रदान गर्नुभएको थियो।

# नेपाल रेडक्रस सोसाइटीद्वारा युवा र महिलालाई नेतृत्वदायी भूमिकामा ल्याउन प्रोत्साहन : उम्मेदवारी मनोनयन दर्ता निःशुल्क

काठमाडौं, २१ वैशाख (रासस)।
नेपाल रेडक्रस सोसाइटीले पालिकादेखि केन्द्रसम्मको निर्वाचनमा नेतृत्वदायी भूमिकामा युवा र महिलाहरूलाई पुऱ्याउन प्रोत्साहन गरेको छ।

सोसाइटीले अध्यक्ष/सभापति/महामन्त्री/महासचिव लगायत प्रमुख पदमा सोसाइटीको सबै तहको नेतृत्वदायी भूमिकामा उनीहरूको सार्थक उपस्थितिका विशेष ध्यान दिएको हो। यसअन्तर्गत महिला र १८ देखि ३० वर्ष उमेर समूहका युवाले नेतृत्वदायी पदहरूमा उम्मेदवारी दिन प्रोत्साहन गर्दै उम्मेदवारी मनोनयन दर्ता निःशुल्क गरेको छ।

सोसाइटीको विधान २०२० (अठारौं संशोधन २०८२ सहित) अनुसार संस्थामा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत रहने सुनिश्चित गरेको छ भने सोसाइटीको केन्द्रीयस्तरमा युवा रेडक्रस आयोग, प्रदेशस्तरमा प्रदेश युवा रेडक्रस समिति, जिल्लास्तरमा जिल्ला युवा रेडक्रस समिति र पालिकास्तरमा पालिका युवा रेडक्रस समिति रहने व्यवस्था रहेको छ।

विधानअनुसार २१ जनाको समिति रहने सोसाइटीको केन्द्रीय समितिमा एक जना महिला उपाध्यक्ष र पाँच जना महिला सदस्य रहने व्यवस्था गरिएको छ।

पन्ध्र जनाको समिति रहने प्रदेश समितिमा महिला उपाध्यक्ष एक जनासहित सदस्य तीन जनामहिला र युवा समितिबाट महिला एकसहित दुई जनाको सहभागिता रहने व्यवस्था छ।

सोसाइटीको जिल्ला शाखामा पनि १५ जनाको समिति रहने छ। यसमा एक जना महिला उपसभापति र तीन जना सदस्य महिला हुनुपर्ने व्यवस्था छ भने जिल्लास्तरीय युवा समितिले आफूमध्येबाट छनोट गरेका एक जना महिलासहित दुई जनाको सहभागिता रहने छ।

सोसाइटीको पालिका शाखामा १५ जनाको समिति रहने व्यवस्थाअनुसार महिला उपाध्यक्ष एक जना र सदस्यमा तीन जना महिला रहने व्यवस्था गरिएको छ।

यस्तै, पालिका युवा समितिबाट कम्तीमा एक जना महिलासहित दुई जनाको सहभागिता रहने विधानमा व्यवस्था गरिएको छ। नौ जनाको कार्यसमिति रहने उपशाखा तहमा उपसभापति र कोषाध्यक्षमा महिला एक/एक जना अनिवार्य गरिएको छ भने सदस्यमा दुई जना महिला रहने व्यवस्था गरिएको छ।

सबै तहमा हुने खुल्ला सदस्यमा पनि युवा तथा महिलाले उम्मेदवारी दिन सक्ने व्यवस्था रहेको छ। रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ आइएफआरसीले पनि नेपाल रेडक्रस सोसाइटीमा महिला र युवाको नेतृत्वदायी भूमिका रहनुपर्नेमा जोड दिँदै आएको छ।

सोसाइटीले देशभरका पालिका, जिल्ला, प्रदेश तथा केन्द्रीय समितिहरूको निर्वाचन प्रक्रिया अघि बढाएको छ। जसअन्तर्गत २०८३ वैशाख २६ देखि जेठ ४ गतेसम्म सबै पालिका शाखा समितिहरूको, जेठ १५ गते जिल्ला शाखा समितिहरूको, असार २ गते सातै प्रदेश समितिहरू र प्रत्येक प्रदेशसभाको अधिवेशनमा भाग लिन आएका पालिका प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभाको महाधिवेशनका लागि तोकिएअनुसारका प्रतिनिधिहरूका साथै असार २४ र २५ गते केन्द्रीय समितिको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन कार्य तालिका तय गरेको छ।

## सुशासन कायम ...

बढाउनुपर्ने बताउनुभयो। संविधान राजनीतिक दस्तावेज भएकाले सङ्ख्याका आधारमा मात्र यसलाई नहेर्न उहाँले अनुरोध गर्नुभयो।

पूर्वसांसद राधेश्याम अधिकारीले नेपालमा रहेको विविधताको प्रतिनिधित्व गराउन संसदीय शासन प्रणाली नै उपयुक्त हुने बताउनुभयो। पुराना नेताले पद छाड्न नचाहेको इतिहास भएकाले संविधान संशोधनकै बेला बाँकी विषयलाई प्रष्ट पार्नुपर्ने उहाँको भनाइ छ।

पूर्वसांसद खिमलाल देवकोटाले बदलिएको शक्ति सन्तुलनले भूराजनीतिलाई थेग्न सक्छ कि सक्दैन भन्ने प्रष्ट भएर अघि बढ्नुपर्ने बताउनुभयो। सम्झौताको दस्तावेजका रूपमा आएको संविधान अझ सुदृढ गराउन नियमित जानकारी गराउनेगरी छलफल हुनुपर्ने बताउनुभयो।

सांसद लक्ष्मणलाल कर्णले उत्कृष्ट संविधानलाई अझै उत्कृष्ट बनाउन जनस्तरसम्म छलफल गरेर अघि बढ्नुपर्ने बताउनुभयो। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले संविधान कार्यान्वयनको लाभ जनताले पाएको भए गत भदौ २३ र २४ गतेको विद्रोह नहुने बताउनुभयो। केही कमजोरी सुधार गरेपछि संविधान राम्रो हुने उहाँको भनाइ थियो।

# विश्व समाचार

## एसिया-प्रशान्तमा ऊर्जा र डिजिटल विकासका लागि ७० अर्ब डलर लगानी

समरकन्द, २१ वैशाख (रासस/सिन्ह्वा)।
एसिया-प्रशान्त क्षेत्रमा ऊर्जा र डिजिटल पूर्वाधारलाई सुदृढ बनाउन एडिबीले सन् २०३५ सम्म ७० अर्ब अमेरिकी डलर बराबरको ठूलो लगानी गर्ने घोषणा गरेको छ। यो घोषणा उज्बेकिस्तानको समरकन्द शहरमा सम्पन्न एडिबीको ५९औं वार्षिक बैठकका क्रममा गरिएको हो, जहाँ अध्यक्ष मासातो कान्दाले क्षेत्रीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित दुई प्रमुख पहल अगाडि सारेका हुन्। पहिलो पहल ऊर्जा क्षेत्रमा केन्द्रित छ। यस अन्तर्गत विभिन्न देशका विद्युत् प्रणालीहरू आपसमा जोड्ने योजना बनाइएको छ। यसले सीमापार रूपमा विद्युत् आदान-प्रदानलाई सहज बनाउनेछ। उदाहरणका लागि, कुनै देशमा उत्पादन भएको अतिरिक्त जलविद्युत् वा सौर्य ऊर्जा अर्को देशमा पठाउन सकिनेछ। यसले ऊर्जा अभाव भएका क्षेत्रहरूमा भरपर्दो आपूर्ति सुनिश्चित गर्नुका साथै उत्पादन लागत पनि घटाउने अपेक्षा गरिएको छ। यस योजनामा प्रसारण लाइन विस्तार, सबस्टेशन निर्माण, ऊर्जा भण्डारण प्रविधि विकास तथा विद्युत् सञ्जालको आधुनिकीकरणमा विशेष ध्यान दिइनेछ।

दोस्रो पहल डिजिटल क्षेत्रमा केन्द्रित छ। यसको उद्देश्य एसिया-प्रशान्त क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्नु र प्रविधिमा आधारित अर्थतन्त्रलाई बलियो बनाउनु हो। यस अन्तर्गत डेटा पूर्वाधार, द्रुत इन्टरनेट सञ्जाल, र आधुनिक सूचना प्रणाली विकासमा लगानी गरिनेछ। यसले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा पनि इन्टरनेट पहुँच बढाउनेछ, जसले शिक्षा, स्वास्थ्य, व्यापार र सरकारी सेवाहरूलाई अझ प्रभावकारी बनाउनेछ। साथै, कृत्रिम बुद्धिमत्ता जस्ता उन्नत प्रविधिको प्रयोगमार्फत नयाँ रोजगारी सिर्जना र आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ। यी दुवै पहलहरूले देशहरूबीचको सहकार्यलाई मजबुत बनाउने, आर्थिक अवसरहरू विस्तार गर्ने र समग्र क्षेत्रमा दिगो विकासलाई गति दिने लक्ष्य राखेका छन्। एडिबीले ऊर्जा र डिजिटल पहुँचलाई भविष्यको विकासका मुख्य आधारका रूपमा लिएको छ। एडिबी सन् १९६६ मा स्थापना भएको बहुपक्षीय विकास बैंक हो, जसले एसिया-प्रशान्त क्षेत्रमा गरिबी न्यूनीकरण, पूर्वाधार विकास र आर्थिक समृद्धिका लागि सहयोग गर्दै आएको छ। यसमा हाल ६९ सदस्य देश छन्, जसमध्ये ५० देश यही क्षेत्रका छन्।

## होर्मुज क्षेत्रमा जहाज आवागमन सहज बनाउन 'प्रोजेक्ट फ्रीडम' सुरु हुने

वासिङ्टन, २१ वैशाख (रासस/सिन्ह्वा)।
अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार जानकारी गराउँदै मध्यपूर्वको अत्यन्त महत्वपूर्ण समुद्री मार्ग होर्मुज जलडमरूमध्यमा रहेका जहाजहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्ने प्रक्रिया सोमबार बिहानदेखि सुरु गरिने बताउनुभएको छ। उहाँले यस पहललाई 'प्रोजेक्ट फ्रीडम' नाम दिँदै मानवीय सहयोगका उद्देश्यले अघि सारिएको कदमका रूपमा प्रस्तुत गर्नुभएको छ। उहाँका अनुसार विभिन्न मुलुकहरूले आफ्ना व्यापारिक जहाजहरू उक्त संवेदनशील जलमार्गमा फसेको अवस्थाका कारण सहयोगका लागि अनुरोध गरेका थिए, जसमा ती मुलुकहरू प्रत्यक्ष रूपमा क्षेत्रीय विवादमा संलग्न नभए पनि उनीहरूका जहाजहरू प्रभावित भएका छन्। राष्ट्रपति ट्रम्पले इरान, मध्यपूर्व क्षेत्र तथा संयुक्त राज्य अमेरिकाको साझा हितलाई ध्यानमा राख्दै जहाजहरूलाई सुरक्षित मार्ग प्रदान गर्दै उक्त क्षेत्रबाट बाहिर निकाल्ने निर्णय गरिएको उल्लेख गर्नुभएको छ। यस प्रयासले अन्तर्राष्ट्रिय समुद्री व्यापारलाई सहज बनाउन तथा आपूर्ति शृंखलालाई सामान्य अवस्थामा फर्काउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उहाँका अनुसार केही जहाजहरूमा खाद्यान्न, इन्धन तथा अन्य अत्यावश्यक सामग्रीको अभाव देखिन थालेको छ, जसले चालकदलको स्वास्थ्य, सुरक्षा तथा समग्र कल्याणमा चुनौती उत्पन्न गर्न सक्ने अवस्था रहेको छ। उहाँले थप स्पष्ट पार्दै यस मानवीय प्रक्रियामा कुनै प्रकारको अवरोध भएमा आवश्यक परेमा उपयुक्त र कडाइका साथ सम्बोधन गरिने पनि उल्लेख गर्नुभएको छ। यसैबीच, इरानले आफ्नो १४ बुँदे शान्ति प्रस्तावबारे अमेरिकी प्रतिक्रिया प्राप्त भएको र त्यसको सावधानीपूर्वक अध्ययन भइरहेको जनाएको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ताले उक्त प्रस्तावको मुख्य उद्देश्य युद्धको अन्त्य सुनिश्चित गर्नु रहेको र त्यसमा आणविक विषयसँग सम्बन्धित विस्तृत विवरण समावेश नभएको स्पष्ट पार्नुभएको छ।

## क्षेत्रीय शान्तिका लागि इरानको प्रस्तावमा कूटनीतिक छलफल तीव्र

तेहरान, २१ वैशाख (रासस/सिन्ह्वा)।
इरानले आफ्नो १४ बुँदे युद्ध अन्त्यसम्बन्धी प्रस्तावमा संयुक्त राज्य अमेरिकाबाट औपचारिक प्रतिक्रिया प्राप्त भएको जनाएको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता एस्माइल बाघेईले आइतबार राज्यद्वारा सञ्चालित टेलिभिजनसँगको अन्तर्वार्तामा उक्त जानकारी दिँदै अमेरिकी प्रतिक्रिया हाल अध्ययनको क्रममा रहेको बताउनुभएको छ। उहाँले स्पष्ट पार्दै इरानको प्रस्ताव पूर्ण रूपमा युद्ध अन्त्य गर्ने उद्देश्यमा केन्द्रित रहेको र यसमा आणविक विषयसँग सम्बन्धित कुनै पनि प्राविधिक वा विस्तृत विवरण समावेश नगरिएको बताउनुभयो। प्रवक्ताका अनुसार हालको प्राथमिकता क्षेत्रीय युद्ध अन्त्यका लागि आवश्यक आधारहरूमा केन्द्रित रहेको छ, जसमा लेबनानलगायत क्षेत्रको अवस्था पनि समावेश छ। उहाँले यस चरणमा कुनै पनि प्रकारको आणविक वार्ता नभएको स्पष्ट पार्नुभएको छ। यसैबीच, इरानी विदेश मन्त्री सैयद अब्बास अराघचीले ओमान र जर्मनीका आफ्ना समकक्षीसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पछिल्ला घटनाक्रमबारे छलफल गर्नुभयो। ती छलफलहरूमा कूटनीतिक पहल र युद्ध अन्त्यका सम्भावित उपायबारे विचार आदानप्रदान गरिएको इरानी विदेश मन्त्रालयले जनाएको छ। यस घटनाक्रमको पृष्ठभूमिमा हालैको तनावपछि इजरायल र संयुक्त राज्य अमेरिकाले इरानका विभिन्न सहरहरूमा संयुक्त सैन्य कारबाही गरेका थिए, जसपछि क्षेत्रीय तनाव थप बढेको बताइन्छ। त्यसपछि इरानले पनि प्रत्युत्तरस्वरूप क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू गरेको उल्लेख गरिएको छ।

# लिपुलेक सम्बन्धमा नेपाल सरकारद्वारा पुनः अवगत गराइयो भारत र चीनलाई

काठमाडौँ, २१ वैशाख (रासस) । नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत तथा चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ ।

सो विषयका सम्बन्धमा आइतबार पुनःस्पष्ट पार्दै परराष्ट्र मन्त्रालयले यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको जनाएको हो ।

साथै, लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराई सकिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीद्वारा आइतबार जारी विज्ञप्तिमा स्पष्ट पारिएको छ ।

सन् १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग रहेको मन्त्रालयले जनाएको छ । नेपाल र भारतबीचको घनिष्ठ तथा मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा तथा प्रमाणका आधारमा सीमा समस्या समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैँ प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ ।

# भूमिहीन नागरिकहरूको अवस्था पहिचान गरी दिगो समाधान गरिनेछ : प्रधानमन्त्री शाह

काठमाडौँ, २१ वैशाख (रासस) । प्रधानमन्त्री वालेन्द्र शाहले भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको जानकारी दिनुभएको छ ।

उहाँले सोमबार सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ । अन्य भूमिहीन नागरिकहरूको हकमा सम्बन्धित आयोगको सिफारिस र सङ्कलित विवरणका आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नेछ ।'

काठमाडौँ उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेकाप्रति सरकारको ध्यानाकर्षण भएको उहाँले जनाउनुभएको छ ।

उक्त प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशङ्का उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने प्रयास भइरहेको सम्बन्धमा प्राप्त सूचनालाई सरकार गम्भीरतापूर्वक लिइएको प्रधानमन्त्री शाहको भनाइ छ ।

प्रधानमन्त्री शाहले दीर्घकालीन समाधान कार्यान्वयनमा अवरोधका रूपमा रहेका भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै अध्यादेशमार्फत खारेज गरिएको तथा उक्त कानुनी अवरोध हटेसँगै वास्तविक भूमिहीन नागरिकहरूको 'डिजिटल' लगत सङ्कलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भ गरिएको जानकारी पनि दिनुभएको छ ।

उहाँले भन्नुभएको छ, "नेपाल सरकार स्पष्ट गर्न चाहन्छ कि चालिएका सम्पूर्ण कदम नागरिकहरूलाई हटाउने उद्देश्यले होइन, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्यले अगाडि बढाइएका हुन् । त्यसैले कुनै पनि प्रकारको भ्रममा नपर्न, अनावश्यक रूपमा नआत्तिन तथा अपुष्ट सूचना नफैलाउन सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ ।"

साथै सो सन्देशमा प्रधानमन्त्री शाहले सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराउँदै कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन नदिइने पनि स्पष्ट गर्नुभएको छ ।

# स्थानान्तरण गरिएका नागरिकलाई चैत मसान्तभित्र व्यवस्थित बासस्थान उपलब्ध गराउन रास्वपाको सरकारलाई आग्रह

काठमाडौँ, २१ वैशाख (रासस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आइतबारको सचिवालयको बैठकले हाल हटाइएका अतिक्रमित संरचना र सुकुमवासी बस्तीबाट हटाइएका नागरिकलाई यस वर्षको चैत मसान्तभित्र गाँस, बास, स्वास्थ्यलगायत सबै व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय, वनस्थलीका भएको बैठकपछि प्रवक्ता मनिष झाले अधिकार सम्पन्न प्राधिकरण गठन गरेर सुकुमवासीको लगत सङ्कलन नगरेसम्म अधिग्रहण गरिएका संरचनामा बाहेक अन्य स्थानमा घर/संरचना भत्काउन अब डोजर नचलाउन आग्रह गरेको जानकारी दिनुभयो । उहाँले अतिक्रमित संरचना र सुकुमवासी बस्ती व्यवस्थापनको काम आफूहरूको चुनावी वाचापत्रअनुसार नै भएको र उनीहरूको बसोबासको अवस्थालाई ध्यान दिएर सुरक्षित तथा व्यवस्थित बासस्थानमा स्थानान्तरण गर्न सरकारलाई आग्रह गरेको हो ।

विगतमा सरकारले उक्त समस्या समाधानका लागि गम्भीर रूपमा ध्यान नदिएको र आफूहरूको चुनावी वाचापत्रअनुसार भूमिहीन सुकुमवासीलाई व्यवस्थित राख्न पहलकदमी भएको प्रवक्ता झाले बताउनुभयो ।

"अहिले बस्तीविहीन भएकाहरू हामी सुरक्षित र मर्यादित व्यवस्थापन गर्नका लागि पहल गर्नेछौँ । अधिकार सम्पन्न प्राधिकरणमार्फत दिगो व्यवस्थापन गर्नेछौँ । प्राधिकरणले लगत लिएर कम्तीमा ७५ प्रतिशत नागरिकको व्यवस्थापन आउँदो चैत मसान्तभित्र सरकारले गरिसकेको हुनेछ", प्रवक्ता झाले भन्नुभयो, "सुकुमवासीको लगत उपलब्ध नगराएसम्मका लागि अब अधिग्रहण गरिएका संरचनाहरू□□ तथा स्थानीय तहको अधिकार क्षेत्रमा बाहेक अन्य स्थानमा सुकुमवासी बस्ती भत्काउन डोजर नचलाउन सरकारलाई सुझाव दिने निर्णय गरेका छौँ ।"

प्रवक्ता झाले नदी किनारमा आउने वर्षामा बाढी आउने भएकाले त्यहाँका सुकुमवासीलाई सुरक्षित स्थानमा लैजान आवश्यक थियो भन्नुभयो । उहाँले आगामी स्थानीय तहको निर्वाचनका लागि क्याण्डिडेट क्लबको घोषणा गरिएको र उम्मेदवार छनोट कार्यविधि पारित गरिएको जानकारी दिनुभयो । सो पार्टीको स्थानीय तहको उम्मेदवार हुन क्याण्डिडेट क्लव र लिडरसिप क्लासको योग्यता पारित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पत्रकारको प्रश्नको जवाफमा प्रवक्ता झाले राज्यका विभिन्न निकायमा विगतमा भएमा नियुक्ति कति प्रक्रियासम्मत या आवश्यकताका आधारमा थिए भन्ने समीक्षा गर्न अध्यादेशमार्फत पदमुक्ति गराइएको स्पष्ट पार्नुभयो ।


## जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सिरहामा ६० हजार ...

शीघ्र कुपोषण पहिचान गरी समयमै उपचार सुनिश्चित गर्नुका साथै स्थानीय तहदेखि प्रदेशस्तरसम्म कुपोषणको जोखिम वर्गीकरण गरी आगामी योजना निर्माणको आधार तयार गर्नु हो ।

उद्घाटन समारोहमा नगरप्रमुख चौधरीले 'सुनौलो हजार दिन'को महत्वबारे जोड दिँदै भन्नुभयो, "बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि पहिलो हजार दिन अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस अवधिमा उचित पोषण सुनिश्चित गर्न सके स्वस्थ र सक्षम नागरिक निर्माण गर्न सकिन्छ ।" उहाँले नगरपालिकाले गर्भवती तथा सुत्केरी महिलाका लागि मासिक रूपमा पोषण प्याकेज वितरण कार्यक्रम सञ्चालन गरिरहेको जानकारीसमेत दिनुभयो ।

'हेलेन केलर इन्टरनेसनल'को आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय दलित विकास मञ्चमार्फत सिरहाका १७ वटै स्थानीय तहमा यो कार्यक्रम विस्तार गरिएको छ । हेलेन केलरका क्षेत्रीय सुपरीवेक्षक अमितराज साहले जिल्लाभरको लक्ष्यबारे जानकारी दिँदै भन्नुभयो, "सिरहामा हामीले करिब ६० हजार बालबालिका र १४ हजार गर्भवती महिलाको पोषण अवस्था लेखाजोखा गर्ने लक्ष्य राखेका छौँ । समुदायमै पुगेर गरिने यो मूल्याङ्कनले कुपोषणको वास्तविक अवस्था बाहिर ल्याउनेछ ।"

साहका अनुसार नेपालमा कुपोषणको अवस्था पत्ता लगाउन प्रत्येक पाँच वर्षको अन्तरालमा स्वास्थ्य सर्वेक्षण हुँदै आएको भए पनि सन् २०२२ यता राष्ट्रियस्तरको अध्ययन हुनसकेको छैन ।

दलित विकास मञ्चका कार्यकारी निर्देशक सञ्जय महराले अभियानका लागि जिल्लाभरका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक तालिम दिइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार टोलीले टोलटोलमा पुगेर बालबालिकाको तौल, उचाइ र पोषण अवस्थाको स्क्रिनिङ गर्नेछन् र जटिल अवस्था देखिएमा तत्काल उपचारका लागि सन्दर्भ केन्द्रमा प्रेषण गरिनेछ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*